# नेपाल राष्ट्र बैंक

## सहायक द्वितिय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

२०६९/११/०५

पत्र : प्रथम

सयम : ३ घण्टा पूर्णाङ्क : १००

### विषय : सामान्य ज्ञान, निबन्ध र गणित

| परिक्षार्थीले उत्तर दिंदा निबन्धको लागि नेपाली भाषा र बाँकीको लागि नेपाली वा अंग्रेजीभाषाको माध्यमबाट दिन सक्नेछन्। |
|---|

### खण्ड (क) सामान्य ज्ञान

**सबै प्रश्न समान अङ्कका छन्।**

१. गोरखापत्र प्रकाशनको प्रारम्भ कुन प्रधानमन्त्रीको पालानमा कुन सालमा भएको हो ?

२. राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या कति र यसको वृद्विदर कति प्रतिशत रहेको छ ?

३. महाकाली नदी पारि रहेको नेपालका गा.वि.स. हरूको नाम के हो र उक्त गा.वि.स. हरू कुन जिल्लामा पर्दछ ?

४. निम्न तालहरू कुन कुन जिल्लामा पर्दछ ?

(क) खप्तड ताल (ख) कसरा ताल (ग) नन्द भाउजू ताल

५. नेपालको पहिलो समय निर्धारण गर्दा कुन हिमाललाई आधार मानिएको हो ? ग्रिनविच समय भन्दा ५ घण्टा ४५ मिनेट छिटो नेपालको प्रमाणिक समय रहने व्यवस्था कहिलेबाट शुरू भएको हो ?

६. नेपालको पहिलो वाणिज्य बैंकको नाम के हो र यसको स्थापना विक्रम सम्वत कति सालमा भएको थियो ? उक्त समयमा प्रधानमन्त्री को थिए ?

७. आउँदो ग्रीष्मकालीन ओलम्पिक खेल कुन मुलूकको कुन शहरमा र कहिले आयोजना हुदैंछ ?

८. सुगौली सन्धी कहिले भएको थियो र नेपालको तर्फबाट यसमा कसले हस्ताक्षर गरेका थिए ?

९. संयुक्त राष्ट्र संघले विश्वव्यापी मानव अधिकारको घोषणा कहिले गरेको थियो र यस घोषणा पत्रमा कतिवटा धाराहरू छन् ?

१०. निम्न मुलुकहरूको मुद्राको नाम लेख्नुहास्।

(क) अष्ट्रिया (ख) इजरायल (ग) भूटान

११. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको अध्यक्ष को हुने व्यवस्था रहेको छ र उक्त समिति अध्यक्ष र सदस्यहरू गरी जम्मा कतिजना रहने प्रावधान रहेको छ।

१२. चीन र भारत दुवै मूलुकलाई छुने नेपालका जिल्लाहरू कति छन् ? ती जिल्लाहरूको नाम उल्लेख गर्नुहोस।

१३. निम्न पुरस्कारको प्रथम विजेताको नाम उल्लेख गर्नुहोस्।

(क) मदन पुरस्कार (ख) साझा पुरस्कार (ग) जगदम्बा पुरस्कार

१४. नेपालको वित्तिय नीति र मौद्रिक नीति कुन कुन निकायबाट तयार पारिन्छ ?

१५. न्याय परिषद्मा अध्यक्ष बाहेक कति सदस्य रहने व्यवस्था छ ? न्याय परिषदको अध्यक्ष को हुन् ?

१६. नेपालको सिक्का छाप्ने टक्सार अड्डाको स्थापना कहिले भएको हो र नेपालमा सर्वप्रथम कागजी नोटको निष्काशन कुन सालदेखि भएको हो ?

१७. सप्तकोशीका सहायक नदीहरूमध्ये सबभन्दा ठुलो र सबभन्दा सानो नदीको नाम लेख्नुहोस्।

१८. सूचना प्रविधीको क्षेत्रमा प्रयोग हुने UPS र ADSL को विस्तारित रूप के हो ?

१९. नेपाली खेलाडीहरू जमुना गुरूङ्ग र पारस खड्का कुन कुन खेलसंग सम्बन्धि छन् ?

२०. नेपालको पहिलो जलविद्युत आयोजनाको नाम, उत्पादन क्षमता र सञ्चालन भएको वर्ष उल्लेख गर्नुहोस्।

## खण्ड (ख) निबन्ध (२० अङ्क)

**तल दिइएका मध्ये कुनै दुई विषयमा निबन्ध लेख्नुहोस्।**

१. नेपालको आर्थिक विकासमा नेपाल राष्ट्र बैंकको भूमिका।

२. महिला सशक्तिकरण।

३. नेपालमा सूचनाप्रविधीको विकास र चुनौती।

## खण्ड (ग) गणित (५० अङ्क)

**सबै प्रश्न समान अङ्कका छन्।**

१. विद्यार्थी बस्ने एउटा होस्टलमा १५० जना विद्यार्थीहरूको लागि ४५ दिनलाई पुग्ने खाद्यान्न रहेको थियो। १० दिनपछि २५ जना विद्यार्थीहरूले होस्टल छाडे भने बाँकी खाद्यान्नले कति दिनलाई बाँकी विद्यार्थीहरूलाई खुवाउन पुग्दछ ?

२. एउटा विद्यालयका कक्षा ९ मा अध्ययन गर्ने ८ जनाको उमेर १३ वर्ष, ९ जनाको उमेर १४ वर्ष, ३ जनाको १६ वर्ष र ४ जनाको १८ वर्ष रहेछ भने उक्त कक्षामा विद्यार्थीको औषत उमेर कति रहेछ ?

३. कुनै रकमको ३:४ जनाको भाग बराबर रू. १३५० /- हुन्छ भने सो कुल रकमबाट १:३ भाग घटाउदा कति रकम बाँकी रहन्छ ?

४. रघुनाथले किराना पसल संचालन गर्न वित्तिय संस्थाबाट बार्षिक १२ प्रतिशतका दरले रू. ३,४५,८००/- ऋण लिएछन्। उनले प्रत्येक त्रैमासिक ब्याज बापत के कति रकम भुक्तानी गर्नु पर्दछ ?

५. कुखुराको दाना बनाउन कारखानाले रू. २१/- प्रति के.जि पर्ने गहुँ र रू. ३०/- प्रति के.जि. पर्ने मकैलाई ४:५ को अनुपात मिसाएर दाना तयार गरेछ भने उक्त दानाको प्रति के.जि. लागत कति पर्छ ?

६. गत महिनामा रामलखनको घरमा २२५ युनिट विद्युत् खपत भएछ। पहिलो २० युनिट शुल्क रू. ६०/- र त्यसपछिको खपत युनिटको शुल्क रू. ५/५० रहेछ भने रामलखनले उक्त महिनामा कति रकम बुझाउनु पर्ला ?

९. एकजना व्यापारीको प्रतिलिटर रू. ३०।- को दरले किनेको ४०/- लिटर दुधमध्ये ८ लिटर चुहिएछ र बाँकी दुध प्रतिलिटर रू. ३२/- को दरले बिक्री भएछ भने उक्त कारोबारबाट उक्त व्यापारीलाई कति प्रतिशत नाफा वा नोक्सान भयो ?

१०. सरल गर्नुहोस्।

२४.२६७ + २८.३४५ × ७६.०१ ÷ ४५.४ × ३.२ ÷ ४.६ + २.०५

❑❑❑

नेपाल राष्ट्र बैंक

सहायक द्वितिय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

२०६९/११/०५

पत्र : द्वितिय

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

विषय : बैंकिङ्ग तथा लेखा

कुनै आठ प्रश्नको उत्तर दिनुहोस्। सबै प्रश्न समान अङ्कका छन्। परीक्षार्थीले नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक वा दुवै भाषामा उत्तर दिन सक्नेछन्।

१. नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको गठन प्रक्रिया र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बारे उल्लेख गर्नुहोस्।

२. "क" वर्गका वित्तिय संस्था भन्नाले के बुभ्नुहुन्छ ? यस्ता संस्थाले गर्ने कार्यहरूको बुँदागत रूपमा व्याख्या गर्नुहोस्।

३. लेखा परीक्षण र आन्तरीक लेखा परिक्षणमा के के फरक छ ? कुनै पनि संस्थामा यिनीहरूको आवश्यकता बारे व्याख्या गर्नुहोस्।

४. वित्तिय अनुपात भन्नाले के बुझ्नुहुन्छ ? Current Ratio, Debt Equity Ratio र Credit Deposit Ratio को महत्त्व बारे लेख्नुहोस्।

५. गरिबी निवारणमा लघुवित्त संस्थाहरूको भूमिकाका बारेमा वर्णन गर्नुहोस्।

६. मनिट्रान्सफर व्यवसाय भनेको के हो ? मनिट्रान्सफर र मनिचेञ्जर व्यवसाय सञ्चालनमा भएका भिन्नताका सम्बन्धमा प्रकाशन पार्नुहोस्।

७. सन्तुलन परीक्षण (Trail Balance) भन्नाले के बुझ्नुहुन्छ ? यसको उद्देश्य र महत्त्वमाथि प्रकाशन पार्नुहोस्।

८. तथ्याङ्क संकलनका स्रोतहरू व्याख्या गर्दै यसको सीमाहरू बारेमा चर्चा गर्नुहोस्।

९. वासलात भनेको के हो ? वासलातको एउटा नमूना बनाई त्यसमा समावेश गरिने प्रमुख बुदाँहरू उल्लेख गर्नुहोस्।

१०. तल दिइएका विषयहरूमध्ये कुनै दुईको संक्षेपमा वर्णन गर्नुहोस्।

क) मुद्रा बजार र पूँजी बजारको भिन्नता

ख) ट्रेजरी विल

ग) प्रतित – पत्र

❑❑❑